बैठक सङ्ख्या - ६

आज मिति २०८१ साल पौष ९ गते यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा छैठौं कार्यपालिका बैठक बसी तपसिलले बमोजिमको निर्णय उपर छलफल गरी निर्णय पारित गरियो।

उपस्थिति

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सेका राई
३. १ नं. वडा अध्यक्ष श्री ~~[illegible]~~ हेमन्त राई
४. २ नं. वडा अध्यक्ष श्री जितेन्द्रकुमार राई
५. ३ नं. वडा अध्यक्ष श्री गोविन्द लामाङ
६. ४ नं. वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल - अनुपस्थिति
७. ५ नं. वडा अध्यक्ष श्री जीवन स्वर्गी न्यौपाने
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई - अनुपस्थिति
९. —॥— —॥— श्री सुजना वि.क.
१०. —॥— —॥— श्री भगवती वि.क.
११. —॥— —॥— श्री सर्मिला कट्टेल
१२. —॥— —॥— श्री दिपक सुनार
१३. —॥— —॥— श्री नर बहादुर दर्जी
१४. सदस्य सचिव प्र.प्र.अ. श्री दुर्गा बहादुर राई

आमन्त्रित सदस्यहरु :-

१. MIS operator श्री डिल्लीमान राई
२. अ.सब-इन्जिनियर श्री अनुप ~~सुवेदी~~ खड्का

सहयोगी कर्मचारीहरु :-

१. डम्बर कुमारी सुनुवार
२. राजन खड्का
३.

प्रस्ताव तथा कार्यसूचीहरु :

१. विपदको कारण साकेला गाउँपालिकामा भएको क्षति सम्बन्धमा।
२. विविध
(क) आधारभूत अस्पताल खल्छाको भवन निर्माणको व्यवस्थापन सम्बन्धमा
(ख) कर्मचारी तह वृद्धिको सिफारिस समिति गठन सम्बन्धमा।

(ग) काम निकासीको दर निर्धारण सम्बन्धमा ।

(घ) स्थानीय र महंगी भत्ता सम्बन्धमा

(ङ) लेखापाल व्यवस्थापन गर्न कोलेनिकामा लेखि पठाउने सम्बन्धमा ।

निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय उदयपुर गाईघाटको मिति २०८१/०६/०६ च.नं. ३१६ को क्षति विवरण माग सम्बन्धी पत्रको आधारमा छलफल हुँदा मिति २०८१ असोज १०, ११ र १२ गतेको अविरल वर्षाका कारण यस साकेला गाउँपालिका भित्रका तपसिल बमोजिमको सडक, मोटरेबल पुल र झोलुङ्गे पुलमा भएको क्षति सम्बन्धी विवरण पठाइने निर्णय सर्वसहमतीद्वारा पारित गरियो ।

क्षेतिको विवरण

१)क्षति भएको मिति :२०८१/०६/१०,गते देखि १२ गते सम्म

२)विपद्को प्रकार :पहिरो

३)आयोजनाको नाम :सडक पूर्वाधार

४) आयोजना स्थल: खोटाङ जिल्ला साकेला गाँउपालिका वडा नं. १ देखि ५ सम्म

५)विपद् प्रभावित घरधुरी २० ,जनसङख्या : १०० जना

६)क्षेतिको विवरण :

| क.स | संरचनाको प्रकार | संरचानाको नाम | क्षेतिको प्रकार | क्षेतिको प्रारम्भिक लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक | साप्सु मानेभञ्ज्याङ पाँचधारे सडक,वडा नं. ३,४र ५ | पहिरो,तारजाली,मेसिनरी वाल | रु १,२८,८७,५५०/- | |
| २ | सडक | बाभ्रेच्यॉन डाडाँ-रतन्छा -मानेभञ्ज्याङ छाल्चीङ खोला सडक,वडा नं.१,२,३ र ४ | पहिरो,तारजाली,मेसिनरी वाल | रु १,३४,९०,०००/- | |
| ३ | सडक | कात्तिके-सोस्तुङ-रतन्छा सडक ,वडा नं. २ र ५ | पहिरो,तारजाली,मेसिनरी वाल | रु ७९,६७,६००/- | |

प्रस्ताव नम्बर २ को विविध (क) माथि छलफल गर्दा साकेला गाउँपालिका र खाती निर्माण सेवा वानेश्वर काठमाडौं द्वारा निर्माण सम्झौता भई निर्माणाधिन अवस्थामा रहेको साकेला प्राथमिक

अस्पतालको निर्माण कार्य SRMUN/BP1/NCB/01/077/078 को चौथो पटक म्याद थप पछि २०८१/०६/२० गते सम्म निर्माण अवधि रहेकोमा खाती निर्माण सेवाको मिति २०८१/०८/२८ को निवेदन अनुसार बजेट अभाव, वर्षाद र पाइवाडको समस्या देखाई पाँचौं पटकको म्याद थप गर्न माग भई आएको सन्दर्भमा छलफल हुँदा निर्माण कम्पनी संग थप आवश्यक कागजपत्र माग गर्ने र आगामी २०८१ चैत्र २० गते सम्म म्याद थप गर्ने सर्वसहमतिद्वारा निर्णय गरियो ।

प्रस्ताव नम्बर २ को विविधको (ख) माथी छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५) बमोजिम सहायकस्तर चौथो तहको र सोही ऐनको दफा २६ को उपदफा (१) बमोजिम सहायकस्तर पाँचौं तहको कर्मचारीहरुको क्रमश पाँचौं र छैठौं तहमा तहवृद्धि को लागि मिति २०८१ साल मंसिर १५ गते ३० दिनको सूचना प्रकाशित गरिसकेको सन्दर्भमा यस साकेला गाउँपालिकाको कर्मचारीहरुको तहवृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को (१) बमोजिम देहाय बमोजिमको तीन सदस्यीय सिफारिस समिति गठन गरियो ।

देहाय :-

प्रमुख प्रशासकीय अधिकृत श्री दुर्गबहादुर राई - अध्यक्ष

जनस्वास्थ्य निरीक्षक श्री रीता ढकाल - सदस्य

प्रशासन शाखा प्रमुख श्री शर्मिला राई - सदस्य सचिव

प्रस्ताव नम्बर २ को विविधको (ग) माथी छलफल गर्दा यस साकेला गाउँपालिकाको आर्थिक ऐन २०८१/०८२, र कोशी प्रदेशले जारी गरेको आर्थिक ऐनमा समेत गोलिया काठ निकासी गर्दा प्रति कि.फि. ७५/- राजश्व बुझाउनुपर्ने उल्लेख भएकोमा सोही दरलाई कायम गर्दै आगामी दिनमा काठ निकासी गर्दा वनजङ्गलबाट गोलिया काठ सडकसम्म झार्ने क्रममा पालिकाभित्रका सडकहरुमा क्षती भएको हुँदा आगामी दिनमा काठ निकासी गर्नुअघि गाउँपालिका बाट अनिवार्य निकासी अनुमती पत्रको साथमा राजश्व जम्मा गरेको रसिद जारी भएको अवस्थामा मात्र ६ चक्के

ट्रक र ट्याक्टरबाट काठ निकासी गर्न दिने निर्णय सर्वसहमतीबाट पारित गरियो।

प्रस्ताव नम्बर २ को विविधको (ख) माथी छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखामा कार्यरत MIS operator र फिल्ड सहायक कर्मचारीहरु लाई उपलब्ध गराउँदै आइरहेको स्थानीय र संगीमता प्रचलित कानुन बमोजिम चालु आ.व. २०८१/०८२ मा पनि स्थानीय स्रोतबाट उपलब्ध गराउने निर्णय पारित गरियो।

प्रस्ताव नम्बर २ को विविधको (ग) माथी छलफल गर्दा यस साकेला गाउँपालिकामा कार्यरत लेखापाल भोजराज खनाल सरुवा सहमती लिई अन्यत्र सरुवा भै जानुभएपश्चात यस कार्यालयमा हाल लेखापाल नहुँदा ठेक्का तथा उपभोक्ता मार्फत हुने योजना, सामाजिक सुरक्षा भत्ता लगायत दैनिक आर्थिक/प्रशासनिक काम हुन नसकी समस्या सृजना भएको हुँदा अर्को व्यवस्था नभइन्जेल सामको लागि कोष तथा लेखा नियन्त्रण कार्यालय दिक्तेललाई लेखा समूहको कर्मचारी व्यवस्थापन गर्न माग गर्ने सर्वसहमतीबाट निर्णय पारित गरियो।

अन्य थप निर्णय गर्नुपर्ने विषय केही नभएकाले आजको बैठक यहीँ समापन गर्ने निर्णय गरियो।